# राष्ट्रिय अनुभवबाट सिकेको पाठ

*गगन थापा*

(महामन्त्री, ने.वि.सङ्घ)

द्वन्द्व, मानव अधिकार हनन र बेपत्ता परिने घटनाहरू हामीले सामना गरिरहेका प्रमुख मुद्दाहरू हुन् । देशमा दुई हतियारधारी शक्तिहरु छन् । यसको प्रत्यक्ष प्रभाव युवाहरूमा परिरहेको छ । साथसाथै यस्तो परिस्थिति आउनुमा हामी युवाहरू पनि उत्तरदायी छौं र हामीले यो सङ्कटबाट बच्न सक्छौं भन्ने पनि अनुभव गरेका छौं । हरि रोकाले संरचनागत परिवर्तन प्रमुख चुनौती हो भन्नुभयो तर अवरोध कहाँ छन् र त्यसको सामना कसरी गर्ने भन्नेकुरा उहाँले बताउनु भएन ।

मलाई लाग्छ राष्ट्रको संरचनागत परिवर्तनका लागि हाम्राअगाडि दुईओटा मुद्दा छन् । पहिलो हो राष्ट्र एकीकरणसँगै सुरु भएको हिन्दू आधिपत्यको मुद्दा । अर्को मुद्दा पनि एकीकरणसँग सम्बन्धित छ । हामी यसलाई गोर्खाकरण भन्छौं । अर्को अर्थमा, गोर्खाली शासकका उत्तराधिकारी भएर अथवा उनीहरूका सैनिक भएर, कर उठाएर, प्रशासन चलाएर र पुजारी भएर ती शासकलाई सहयोग गरेका केही सीमित व्यक्तिहरूको राज्यसत्तामा पकड छ । सन् १९९० को राजनीतिक परिवर्तन र संविधानले केही मुद्दामात्र उठाए । मुख्य राजनीतिक मुद्दा त्यसै छन् र केही सम्भ्रान्तहरूले राज्यसत्ता कब्जागर्ने प्रथा अझै कायमै छ । विगतका वार्तालाई हेर्ने हो भने यो अन्तरसम्बन्ध स्पष्टरूपमा देखिन्छ ।

दुवै पक्षले वार्ता सफल बनाउनुपर्छ भन्ने राजनीतिक उत्तरदायित्व अनुभव नगर्नु र मानसिक रूपमा तयार नहुनुका कारण पहिलो वार्ता असफल भयो । दुवै पक्षले एकअर्काका विरुद्ध लागेर आफ्नो फाइदाका लागि समर्थकहरूमाझ स्थान बनाउने खेलको रूपमा वार्तालाई लिए । प्रक्रियागत रूपमा दोस्रो वार्ता पहिलोभन्दा राम्रो थियो, आचारसंहिता लागू गरिएको थियो । तर पनि त्यहाँ सहमतिको कुनै सिद्धान्त थिएन, न त वार्ता सफल बनाउनैपर्छ भन्ने उत्तरदायित्वबोध थियो । दक्षिण अफ्रिकी अनुभवले देखाएझैं समाधनको एकमात्र उपाय वार्ता नै हो भन्नेकुरा द्वन्द्वरत पक्षहरूले निष्कर्ष निकालेमा मात्रै वार्ता सफल हुन्छ । यो कुरा नेपालमा भएको छैन ।

अब हुने वार्ताले राजतन्त्र र संविधानसभाको कुरा उठाउनुपर्छ । संविधानसभा पुरानै माग हो तर यतिबेला यो मुद्दा टुङ्गो लगाउने सही समय आएको छ । युवाहरू गणतन्त्रको नारा लगाइरहेकाछन् । संविधानसभा सायद सबैको मिलन विन्दु हुनसक्छ । राजतन्त्रको मुद्दा पनि उठाउनुपर्छ । त्यसले सबै समस्या हल गर्छ भन्ने होइन । राजतन्त्रको प्रतीकात्मक उपस्थिति सबैतिर छ - राजनीतिक नेताहरूको तानाशाहीपनमा, घरेलु जीवनको पितृसत्तात्मक हैकममा, सामाजिकरूपमा केही जातको प्रभुत्वमा र विभिन्न राष्ट्रिय समूह र धार्मिक वर्गमाथि हिन्दू आधिपत्यमा ।